# चौकुने गाउँपालिका

## योजना र बजेट तर्जुमा प्रकृयामा नागरिक संलग्नता नीति २०८२

### १. प्रस्तावना

नेपालको संविधान २०७२ ले प्रदान गरेको संवैधानिक आधार अन्तर्गत प्रस्तावनामा रहेको आर्थिक समानता, समृद्धी र सामाजिक न्यायको सुनिश्चितता, समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण र राज्यको निर्देशक सिद्धान्त,नीति तथा दायित्वमा सार्वजनिक प्रशासन स्वच्छ, सक्षम ,पारदर्शि र भ्रष्टाचारमुक्त वनाउने , जनउत्तरदायी र सहभागितामूलक प्रणालिको विकास गर्ने , सेवा सुविधामा जनताहरुको समान र सहज पहुँचमा वृद्धी गर्ने, स्थानीय जनसहभागितामा वृद्धी गर्ने र विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागितामा अभिवृद्धी गर्ने दायित्वको व्यवस्था रहेको छ। त्यसै गरि नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, सुशासन ऐन २०६४ मा भएका व्यवस्थाका साथै स्थानीय सरकार संचालन ऐनको प्रस्तावनामा उल्लेख भएको जनसहभागिता, उत्तरदायी र पारदर्शिताको सुनिश्चित गर्ने, योजना तर्जुमा प्रकृया, कार्यान्वयन र अनुगमन र सहभागितामूलक योजना तर्जुमा प्रणली अपनाउने , वस्ती र टोलस्तरबाट योजना तर्जुमा अवलम्वन गर्ने, माग संकलन तथा प्राथमिकिकरण निर्धारण र छनौट गर्ने प्रावधानको व्यवस्थाहरुका साथै नेपाल सरकारले प्रतिबद्धता गरेको अन्तर्राष्ट्रिय कानून र अधिकारहरुको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई विशेष गरि योजना तर्जुमा तथा बजेट निर्माण प्रकृयामा अर्थपूर्ण सहभागिता गराउनका लागि योजना तर्जुमा तथा वजेट तर्जुमा प्रकृयामा नगरिक संलग्नता नीति २०८२ तयार गरिएको छ।

### २. संक्षिप्त नाम र प्रारम्भ

यो नीतिको नाम "योजना तथा बजेट तर्जुमा प्रकृयामा नागरिक संलग्नता नीति २०८२" रहेको छ । चौकुने गाउँ कार्यपालिकाबाट पास गरे पश्चात तुरुन्त लागू गरिने छ।

### ३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा योजना तथा बजेट तर्जुमा प्रकृयामा नागरिक संलग्नता नीति २०८२ मा

क) "कार्यपालिका" भन्नाले चौकुने गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउँछ।

ख) "गाउँ सभा" भन्नाले चौकुने गाउँपालिकाको गाउँ सभालाई जनाउँछ।

ग) "अध्यक्ष" भन्नाले चौकुने गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

घ) "उपाध्यक्ष" भन्नाले चौकुने गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले चौकुने गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ।

च) "नागरिक" भन्नाले यस चौकुने गाउँपालिकामा बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरुलाई जनाउँछ।

छ) "नीति" भन्नाले योजना तथा बजेट तर्जुमा प्रकृयामा नागरिक संलग्नता नीति २०८२ लाई जनाउँछ।

ज) "बिषयगत समिति" भन्नले चौकुने गाउँपालिकामा क्षेत्रगत रुपमा गठन भएका विषयगत समितिलाई जनाउँछ।

झ) "टोलविकास समिति" भन्नले चौकुने गाउँपालिकाका सवै वडाहरुमा आम नागरिकहरुको सहभागितामा टोल विकासका लागि गठन भएका समितिलाई जनाउँछ।

## ४. पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख गरिए अनुसार सार्वभौमसत्ता सम्पन्न नेपाली जनता, जनताको सार्वभौम अधिकार, स्वायत्तता, आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त र सुशासन स्थापित गर्ने परिकल्पना गरिएको छ। त्यसैगरि नागरिकहरु सुसूचित हुन पाउने अधिकारका लागि नेपालको संविधान २०७२, सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५, सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र नियमावली २०६५, स्थानिय सरकार संचालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ लागू गरिएको छ।

साथै सुशासन (संचालन तथा व्यवस्थापन) ऐन २०६४, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि ऐन २०७४ लगायतले पनि योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको क्षेत्र सुनिश्चित गरेको छ। नागरिकहरु योजना तथा बजेट निर्माण प्रकृयाको बारेमा सुसुचित हुने र सकृय तथा अर्थपूर्ण रुपमा सहभागी हुन पाउने नागरिक अधिकार हो। यस कारण योजना निर्माण तथा बजेट प्रकृयामा नागरिकहरुको अर्थपूर्ण सहभागिता भएमा योजना तथा बजेट निर्माणका सम्पूर्ण चरण र सार्वजनिक वित्त ब्यवस्थापन प्रभावकारी हुनुका साथै बजेट कार्यान्वयन पनि उत्तिकै जवाफदेही, जिम्मेवार र नागरिकको लागि लाभदायी हुनेछ।

राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत नै विकास निर्माणको निर्णय प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धि गर्ने नीति रहेको छ। यसैगरि नेपालले मानव अधिकारसँग सम्बन्धित पक्ष राष्टका हिसावले विभिन्न अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरु हस्ताक्षर तथा अनुमोदन गरेको छ भने संयुक्त राष्ट्र संघका विभिन्न प्रस्तावहरु पनि पारित गरेको छ।

यसबाट राज्यले आफ्ना नागरिकहरु विशेषगरी महिला, बालबालिका, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरुको सहभागिता र अधिकारको सम्मान, संरक्षण एवं परिपूर्ति गर्नुपर्ने अनिवार्य दायित्व सिर्जना गरेको छ।

वित्तीय नीति निर्माण र कार्यान्वयनमा नागरिक, नागरिक संस्था, सामुदायिक समूह, व्यावसायिक संगठन, प्राज्ञिक संस्था र अन्य गैर सरकारी पक्ष र सरकारका विचमा हुने सूचना प्रवाह, परामर्श, संलग्नता, साझेदारी, खबरदारी

र सशक्तीकरण नै नागरिक सहभागिता हो। यसमा एकाध पटक गरिने नागरिक परामर्श देखि निरन्तर हुने संस्थागत सम्बन्ध समेत समेटिन्छन। नागरिक सहभागिताका प्रमुख क्षेत्रहरु यस प्रकार छन्।

१) बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र सामाजिक लेखा परीक्षण जस्ता समग्र वार्षिक योजना तथा बजेट चक्र,
२) वित्तीय योजना तथा नीति निर्माण र परिमार्जन,
३) वस्तु तथा सेवा उत्पादन र वितरण प्रक्रिया,
४) सार्वजनिक लगानीका परियोजना प्रस्ताव तयारी, मूल्याङ्कन र कार्यान्वयन पर्छन।

योजना र बजेट प्रक्रियामा नागरिक सहभागिताको अवसरले सरकार र नागरिक विचको परस्पर विश्वासको वातावरण बन्नुका साथै सरकारले गर्ने विकास र सेवा प्रवाहका प्रकृया र प्रतिफल बाँडफाँडमा नागरिकले अपनत्व ग्रहण गर्ने अवस्था रहन्छ। त्यसकारण योजना तथा बजेट प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिताका लागि सदैव प्रयत्नशील रहनुपर्छ।

## ५. विगतका प्रयासहरु एवं वर्तमान अवस्था

कर्णाली प्रदेशले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०८१, आर्थिक प्रशासन तथा शुसासन सम्बन्धि गाउँसभा तथा गाउँसभा संचालन कार्यविधि ऐन २०७५, आर्थिक ऐन २०८१ र विनियोजन ऐन २०८१, कर्णाली प्रदेशमा शुसासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ऐन नं. ११, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०८१, कर्णाली प्रदेश वित्तिय शुसासन जोखिम मूल्याङ्कन कार्यविधि २०८१ जस्ता कानूनहरु बनाएर लागु गरेको छ। यी कानूनले गरेका प्रावधानहरु लागु गर्न नागरिकहरुको सहभागिताका क्षेत्रहरु फराकिलो बनाएको छ।

यसैगरि चौकुने गाउँपालिकाको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, स्वास्थ्य नीति २०७७, स्थानिय जलवायु अनुकुलन कार्ययोजना २०७८, भौतिक पूर्वाधार निर्माण सम्बन्धि निर्देशिका २०७५, स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका २०७८, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) २०७५, गाँउपालिका पदाधिकारीहरुको आचारसंहिता २०७५ लागु गरिरहेको छ। यी प्रावधानहरुले नागरिक सहभागिताको केहि अवसर सृजना गरेको छ भने थप आवश्यक्ता छ भन्ने देखाएको छ।

संविधानको व्यवस्था अनुसार पनि शक्ति निक्षेपण सहितको स्थानीय तहको पुनर्संरचनाले सामाजिक परिचालन र जवाफदेहिताका अभ्यासहरुका लागि अवसरहरु सृजना गरेको छ। यसले स्थानीय सरकारलाई सुशासनको अनिवार्य तत्वको रुपमा नागरिक सहभागितालाई ग्रहण गर्ने वातावरण बनाएको छ। कर्णाली प्रदेशका प्रायसबै स्थानीय सरकारले संघीय नमूना कानूनमा आधारित रहेर स्थानीय आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्ने ऐन निर्माण गरेका छन। सो ऐनमा बजेट तर्जुमा र कार्यान्वयनका प्रशासनिक प्रक्रिया उल्लेख भएपनि योजना, बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र निगरानीका चरणमा जनसहभागिता बढाउन थप कार्य गर्न जरुरी छ।



अध्यक्ष

चौकुने गाँउपालिकाले बजेट तर्जुमा गर्दा सात चरणको बजेट तर्जुमा अभ्यास गर्ने गरेको छ। योजना तर्जुमाका सात चरण मध्ये बस्ती र टोल स्तरबाट आयोजना वा कार्यक्रम छनोट गर्ने सम्वन्धमा टोल स्तरीय भेला वा गोष्ठी गर्ने गरिएको छ तर बजेट तर्जुमाका बाँकी चरणमा नागरिकले आफ्नो आवाज राख्ने अवसरलाई फराकिलो पार्न आवश्यक रहेको छ।

बजेटको सीमा निर्धारण गर्दा क्षेत्रगत र उपक्षेत्रगत सीमा निर्धारणको अभ्यास भइरहे तापनि प्रभावकारी बनाउन जरुरी रहेको छ। बार्षिक रुपमा कार्यपालिकाले स्वीकृत गर्ने बजेटको मार्गदर्शन सम्वन्धमा अभिमुखीकरण वा नागरिक सुनुवाईको अभ्यासलाई थप प्रभावकारी बनाउन जरुरी रहेको छ। त्यसैगरी मध्यकालीन खर्च संरचनाको अभ्यास सिमित भएको तथा आवधिक प्रतिवेदनहरु समयवद्ध प्रकाशनको अभ्यास नहुँदा बजेट कार्यान्वियनको अबस्था बारे नागरिक सुसूचित हुन पाएका छैनन्।

बजेट प्रक्रियामा संलग्न हुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले जिम्मेवारी निर्वाह गर्ने क्रममा नागरिक सहभागिताका पक्षलाई पर्याप्त अबसर दिन जरुरी छ। आगामी आर्थिक बर्षका बजेटका सिद्धान्त, प्राथमिकता र नीति तथा कार्यक्रममाथि नागरिक स्तरमा छलफल हुने अवसरमा बढावा दिनु पर्छ। स्रोत अनुमान तथा राजस्व सम्वन्धि छलफलमा स्वतन्त्र नागरिक वा सो क्षेत्रको विज्ञको सहभागितालाई प्रभावकारी बनाउन जरुरी छ।

गाँउपालिकाको बजेट वक्तव्य तथा अनुसूची सहितको पुस्तिका सार्वजनिक गर्ने गरिएको भएतापनि वडागत रुपमा छुट्ट्याइएका योजनको पुस्तिका आम नागरिक सम्म नपुग्दा बजेट कार्यान्वयको प्रक्रियामा नागरिक सहभागिताको अवसर सीमित भएको छ। स्थानीय उपभोक्ता समिति र टोल विकास संस्थाले नागरिक सहभागिताको अवसर सृजना गरेपनि समावेशी र प्रतिनिधिमुलक सहभागितालाई अझै बढाउन आवश्यक छ।

निर्माण ब्यवसायी छनोट ई-विडिङ मार्फत गर्ने गरिएको छ भने निर्माण कार्यको गुणस्तरीयता मूल्यांकनको क्रममा जनसहभागिता बढाउन जरुरी छ। बजेट कार्यान्वयनको अवधिमा प्रकाशन गरिनुपर्ने आवधिक प्रतिवेदनहरु सार्वजनिक गर्ने र सामाजिक जवाफदेहिताका अभ्यासलाई दिगो र संस्थागत गर्नुपर्ने छ । पालिका र वडा स्तरवाट हुने अनुगमनमा नागरिकहरुको अर्थपूर्ण सहभागिता गराउने तथा अनुगमन प्रतिवेदनहरु सार्वजनिक गर्ने अभ्यासको बढावा दिन पर्नेछ।

स्थानीय लेखा समितिले महालेखा परिक्षकको प्रतिवेदन अध्ययन गर्ने र त्यसमा नागरिक संवाद गर्ने अभ्यासको थालनी गर्नु पर्ने छ। विधुतीय सुशासन प्रर्वद्धनका लागि उपयुक्त विधि प्रविधि अवलम्बन गर्नुमा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय सरकारहरु अग्रसर देखिन्छन। उदाहरणका लागि सरकारी तथ्यांक, दस्तावेज तथा सूचनाहरुको विधुतीकरण र स्व—प्रकाशनको अभ्यास रहेका छन्। चौकुने गाँउपालिकाले पनि नागरिकका लागि तथ्यांक, दस्तावेज तथा सूचनाहरु विधुतीकरण र स्व—प्रकाशनका गर्ने गरेको भएतापनि आम नागरिकलाई यस विषयमा सुसूचित गर्न जरुरीछ।

आयोजना छनौटमा नागरिक सहभागिता सुनिश्चित गर्ने, क्षतिपूर्ति सहितको नागरिक वडापत्र राख्ने, सुशासन समितिको निर्माण, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, गुनासो व्यवस्थापन, सूचनादाता संरक्षण र विधुतीय सुशासनको प्रावधानले नागरिक सहभागिताको प्रशस्त आधार तयार गरेको छ। यद्धपि योजना र बजेट निर्माणका चरणहरुमा नागरिक सहभगिता सुधार गर्ने प्रशस्त ठाउँ र अवसर छ। यसका लागि पनि यो नीति समय सापेक्षित छ।

## ७. समस्या , चुनौती र अवसरहरु

लोकतान्त्रिक व्यवस्थामा नागरिकहरु सार्वभौम सम्वन्न हुन्छन। तिनै तहका सरकारहरु आम नागरिकहरु प्रति उत्तरदायी हुन आवश्यक छ। हाम्रो सामाजिक परम्परा जनताहरुले माग गर्ने र सरकारहरुको तर्फबाट दिने भन्ने प्रचलन रहेको छ। तर यथार्थमा सरकारका सवै प्रकृतिका श्रोतहरुको सृजनाकार हुन आम नगरिकहरुको लगानी र योगदानबाट नै सरकारहरु संचालनका सवै प्रकृतिका श्रोत व्यवस्थापनका संवाहकहरु हुन। नागरिक संलग्नताका सवालमा आवश्यक प्रभावकारी कानुनहरु निर्माण कमी देखिएको छ र भएका नीति नियमहरुको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन। नागरिकहरुको सरकार संचालनका क्रममका अर्थपूर्ण सहभागिता भएमा सरकार पनि नागरिकहरु प्रति उत्तरदायी भएको ठहर्छ र नागरिकहरुले पनि सरकार र सरकारले गरेका सवै प्रकारका काम तथा सेवा प्रवाहमा अपनत्व कायम हुन्छ। जब नागरिकहरु सरकारका काम प्रतिको अपनत्व भएमा नागरिकहरु पनि जवाफदेही हुन सक्छन। त्यसका लागि स्थानीय नागरिक मैत्री नीति नियमहरु निर्माण र प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ। एकात्मक राज्य व्यावस्था पछि संघीय शासन प्रणालीको स्थापना भई कार्यान्वयन भएको पनि करिव एक दशक पार गरि सकेको छ। यस अवसरमा गाउँपालिकाको प्रभावकारी संचालन र जनताको सन्तुष्टिका आधारमा प्रभावकारी कार्य सम्पालनका लागि केही समस्या, चुनौती र अवसरहरु रहेको छन। नागरिकहरुको अर्थपूर्ण संलग्नताका सवालमा देखिएका समस्याहरु, चुनौतीहरु र अवसरहरुको तुलनात्मक अध्यायन गरि विश्लेषण गरिएको छ।

### क) नागरिक संलग्नताका सवालमा पालीकामा देखिएका समस्या र चुनौतीहरु

चौकुने गाउँपालिकामा नागरिक संलग्नताका सवालमा विभिन्न प्रकारका समस्या तथा चुनौतीहरुको सामना गरिरहेको छ। लोकतन्त्र स्थापना पश्चात स्थानीय तहमा कानून निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका सवालमा संघ र प्रदेश सरकारको तर्फबाट निर्माण गरिने ऐन नियम र कानूनहरु समयमा निर्माण नहुँदा स्थानीय सरकारका लागि आवश्यक कानून निर्माणमा समस्याहरु सृजना भएका छन। संवैधानीक सर्वोच्चताको अधिकार संघीय सरकारमा अधिकार भएको कारण र स्थानीय सरकारले कानून निर्माण गर्दा संघ तथा प्रदेश कानूनमा नवाँझिने गरि निर्माण गर्नुपर्ने कानूनी वाध्यता भएको कारण स्थानीय सरकारका लागि आवश्यक कानून निर्माण गरि कार्यान्वयन गर्न र नागरिकहरुको लागि सेवा प्रवाहमा समेत चुनौती देखिएको छ। चौकुने गाउँपालिकामा गरिएको प्रारम्भिक अभिमुखिकरणको छलफलका आधारमा देखिएका समस्याहरु र चुनौतीहरुलाई तपशिल अनुसार उल्लेख गरिएको छ:

- टोल स्तरमा गरिएको योजनाहरुको पहिचान र प्राथमिकीकरणमा परे पनि वडा र पालिकामा गएर फरक योजनाहरु प्राथमिकीकारण हुने समस्या रहेको छ।
- गाउँ विकास समिति हुँदा वडा नागरिक मन्चबाट छनौट गरिएका योजनाहरुले सहजै प्राथमिकतामा पर्ने भए पनि हाल वस्ती र वडाबाट छनौट गरिएका योजनाहरुमा नागरिक संलग्नताका हिसावले वजेट विनियोजन नहुने चुनौती भएको अवस्था छ। यसका लागि नागरिकहरुको प्रभावकारी सहभागिताको विधि प्रकृयालाई जोड दिन आवश्यक छ।
- छनौट गरिएका आयोजनाहरुमा आम नागरिकहरुको गुनासाहरुमा बृद्धी भएका कारण गुनासो सुन्ने र समाधान गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने संस्थागत संरचना निर्माण गरि कार्यान्वयन गर्न आवश्यक देखिन्छ।
- टोल बस्तीहरुबाट पहिचान गरिएका योजनाहरु वडा तथा कार्यपालिकाबाट हराएर नयाँ योजनाहरु समावेश हुने समस्याको रुपमा रहेको छ।
- स्थानीय टोलबस्तीका समुदायहरुले योजनाको पहिचान र प्राथमिकीकरण गरिए पनि उनीहरुले छनौट गरिएका योजनाहरुको कार्यान्वयन र अनुगमन मूल्यांकन गर्न नागरिकहरुको सहभागितामा कुनै पनि संरचना नहुनु र कार्यान्वयन समेत नहुने समस्या छ।
- नागरिक संलग्नता नीति हाल सम्म गाउँपालिकामा नहुनु र हरेक हिँउदे अधिवेशनमा नागरिक संलग्नता नीतिको संशोधन तथा व्यवहारमा लागु गर्न सहज हुने गरि कार्यान्वयन नुहुन समस्याको रुपमा रहेको छ।
- स्थानीय नागरिकहरुको योजना माग गर्दा सामाजिक समावेशीकरणका लागि प्राथमिकता गर्नुको सट्टा भौतिक पूर्वाधारका योजनाहरुको माग गर्ने परम्परागत सोच हावि हुने समस्या भएकोले यस सम्वन्धमा सचेतना अभिवृद्धी गर्न आवश्यक छ।
- वजेट तथा योजना पहिचान र छनौटमा वास्तविक नागरिकहरुको सहभागिता भन्दा सवै दलका प्रतिनिधीहरुको सहभागिता र हस्तक्षेपको समस्या देखिएको छ।

**ख) नागरिक संलग्नताका सवालमा गाँउपालिकामा देखिएका अवसरहरु**

स्थानीय सरकारमा नागरिक संलग्नताका सवालमा राज्यको तर्फबाट आवश्यक पर्ने कानूनी प्रावधानहरुको निर्माण गरिएका कारण नागरिकहरुको संलग्नताको हकको रुपमा स्थापित भएको छ। नेपालको संविधानको प्रस्तावनामा नै आर्थिक सहभागिता, सामाजिक न्याय, समानुपातिकता समावेशी शासन व्यावस्थाको कुरा उल्लेख गरिएको छ। अर्कोतर्फ राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वमा समेत सार्वजनिक प्रशासनमा स्वच्छता, सक्षम, पारदर्शि र भ्रष्टाचार मुक्त वनाउने, सहभागितामूलक प्रणालीको विकास गर्ने, राज्यबाट प्रदान गर्ने सेवा सुविधामा जनताहरुको समान सहभागितामा पहुँच वृद्धी गर्नुका साथै विकास निर्माणमा जन सहभागितामा अभिवृद्धी गर्ने प्रावधानको व्यावस्था गरिएको छ। त्यसैगरि संविधानको धारा १६ देखि ४८ सम्म नागरिकहरुका मौलिक हक र कर्तव्यको व्यावस्था गरिएको छ भने सुशासन ऐन २०६४ ले समेत सार्वजनिक प्रशासनलाई जवाफदेही,



खड्क विक्रम विष्ट
अध्यक्ष

पारदर्शि समावेशी तथा जन सहभागितामूलक वनाउने,प्रशासन सेवाको प्रतिफल सर्वसाधारणलाई उपलव्ध गराउने र नागरिकहरुको सहभागिता र स्वामित्वको सुनिश्चतता गर्ने प्रावधानहरुको नीतिगत व्यवस्था भएकोले नागरिक संलगनताका सवालमा स्थानीय सरकारका लागि एक अवसरको रुपमा वैधानिक व्यवस्था भएको अवस्था विधमान छ। यसको साथ साथै स्थानीय सरकारलाई संस्थागत रुपमा प्रभावकारी संचालन र व्यवस्थापन गर्नका लागि स्थानीय सरकार संचालन ऐनले समेत जनसहभागिता, उत्तरदायी र पारदर्शिताको सुनिश्चतता गर्ने , योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको व्यवस्थाका साथै सहभागितामूलक योजना तर्जुमा प्रणाली अपनाउने व्यवस्था रहेको छ।

## ८. नागरिक संलग्नता नीतिको आवश्यकता

नेपालको संविधान र संघ, प्रदेश तथा स्थानीय सरकारका कानुनी प्रावधानले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागितालाई विकासको मूलभूत दृष्टिकोणको रूपमा स्वीकारेको छ। चौकुने गाँउपालिकामा योजना छनौटको टोल बस्तीस्तरका चरणमा त नागरिक सहभागिता भइरहे पनि त्यसमा अन्य चरणहरूमा नागरिक संलग्नता अर्थपुर्ण हुन नसकेको देखिन्छ। यसले योजना र बजेट प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र परिणाम कमजोर हुन सक्छ। त्यसैले, नागरिक सहभागितालाई थप सुदृढ पार्ने, सार्वजनिक वित्त व्यवस्थापनको बारेमा नागरिकहरुमा जानकारी गराउने एवं परामर्श र संलग्नताको अभ्यासलाई पूर्ण बनाउने नीति आवश्यक छ। चौकुने गाँउपालिकाले नागरिक संलग्नताको नीतिहरू अपनाएर योजना, बजेट र विकास कार्यहरूमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी सरकार र नागरिकबीचको सम्बन्ध अझ प्रगाढ र विश्वासयुक्त बनाउन आवश्यक छ। यसले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन तथा समावेशी विकासको आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।

साथै चौकुने गाँउपालिकाले संविधान र संघ, प्रदेश  र स्थानीय सरकारका कानूनी प्रावधान अनुसार नागरिक संलग्नताका विषयहरू पूर्ण रूपमा सम्बोधन भएका छन् कि छैनन् भनी सुनिश्चित गर्न आवश्यक छ। चौकुनेका जटिल र संवेदनशील समस्यामा नागरिकहरूको बुझाई र उत्तरदायित्वमा वृद्धि गराउने उद्देश्यले जनप्रतिनिधि र कर्मचारीतन्त्रले स्थानीय नागरिकहरूको चाहना र प्राथमिकता स्पष्ट रूपमा बुझ्न सक्ने वातावरण सुनिश्चित गर्न जरुरी छ। यसबाट गाँउपालिकाको कार्यसम्पादनमा नागरिक संलग्नता सुनिश्चित गरी सार्वजनिक निर्णयहरूको वैधानिकता वृद्धि गर्न सकिन्छ। त्यस्तै, प्रभावकारी सार्वजनिक सेवा सुनिश्चित गरी बजेट खर्चको प्रभावकारिता बढाउन र स्रोतको न्यायसंगत वितरणमा जवाफदेहिता बढाउन यो नीति सहयोगी हुनेछ। अन्ततः, यसले "जसको सवाल उसको नेतृत्व" को सिद्धान्तलाई स्थापित गर्दै नागरिकहरूलाई आफ्ना हक र दायित्वप्रति सशक्त बनाउनेछ।

नेपालको संविधान, संघ, प्रदेश र स्थानीय सरकारको कानूनी प्रावधान तथा अभ्यासले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको विषयलाई विकासको अन्तर्निहित दृष्टिकोणको रुपमा अभिव्यक्त गरेका छन् । तर चौकुने गाँउपालिकामा योजना तथा बजेट प्रक्रियाका चरण मध्ये गाउं, टोल बस्ति स्तरिय योजना छनौट चरणमा



खड्क विक्रम अध्यक्ष

नागरिकको सहभागिता गराउने गरेको भएतापनि अरु चरणहरुमा सहभागिता गराउन स्पष्ट नीतिगत व्यवस्था छैन।

तसर्थ योजना तथा बजेट प्रक्रियालाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन र त्यसका आधारमा परिणाममुखी, सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको आधार तय गर्न यो नीति महत्वपूर्ण रहेको छ। समाजका सवालहरुमा नागरिकहरुको अर्थपूर्ण सहभागिता, बुझाई र उत्तरदायित्व बृद्धि गर्नका लागि पनि यो नीति आवश्यक छ। यस नीतिलाई मापदण्ड मानेर स्थानीय सरकारले भविष्यका नीति, कार्यक्रम तथा गतिविधिहरु नागरिक सहभागितालाई योजना, बजेट र विकासमा मूलप्रवाहिकरण गर्न सकिन्छ।

बजेट प्रक्रियामा सहभागिता अन्तर्गत वित्तीय सूचना सार्वजनिकिकरण, नागरिक परामर्श र संलग्नताका अभ्यास अपूर्ण रहेको छ। नागरिक सहभागिताका चरण र क्षेत्र निर्धारण, सो को अग्रिम जानकारी, नागरिक सहभागिताका पद्धतिबाट प्राप्त राय सुझावको अभिलेखन, उपयोगिता विश्लेषण र प्रयोग सहितको चरण निर्धारण गरी लागु गरिएमा सरकार र नागरिक बीचको सम्बन्ध प्रगाढ हुनेछ।

७. दूरदृष्टि

योजना र बजेट तर्जुमा प्रकृयामा समावेशी नागरिक संलग्नता सहितको चौकुने गाँउपालिका

८. लक्ष्य

चौकुने गाउँपालिकाको योजना तथा वजेट गर्नुमा प्रक्रियालाई सहभागितामूलक, पारदर्शी सुशासनमैत्री एवं समावेशी वनाउने

९. रणनीतिक उद्देश्य

- योजना र बजेट प्रक्रियाका सातै चरणमा नागरिक संलग्नता वृद्धी गर्नु
- नागरिक र स्थानीय सरकारविचको वलियो अन्तरसम्बन्ध स्थापित गर्नु
- सरकार र सरकारका सवै सरोकारवालाहरुसँगको समन्वय सहकार्य र अन्तरसम्बन्ध विकास गर्नु।

१०. नीती , रणनीति र कार्यनीति

**१. गाँउपालिकामा योजना छनौट प्रक्रिया टोल तहसम्म पुग्ने गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।**

रणनीति: टोल तहमा योजना संकलनका लागि संरचित प्रक्रिया स्थापना गर्ने।

कार्यनीति:

- प्रत्येक टोलमा वार्षिक रूपमा योजना संकलन बैठक आयोजना गर्ने।
- टोल विकास समितिको प्रमुखमार्फत योजना फाराम वितरण र संकलनको व्यवस्था गर्ने।

२. गाँउपालिकाको योजना तथा बजेट प्रक्रियामा अपांग, बालबालिका, महिला, दलित तथा अल्पसंख्यक समुदायको अनिवार्य सहभागिता सुनिश्चित गरिनेछ।

रणनीति: समावेशी सहभागिता सुनिश्चित गर्न लक्षित समूह केन्द्रित पूर्व(परामर्श कार्यक्रम सञ्चालन गर्ने।

कार्यनीति:

- योजनाको हरेक चरण अघि लक्षित समूहसँग छुट्टै छलफल कार्यक्रम आयोजना गर्ने।
- सहभागी सूचीमा लक्षित वर्गका न्यूनतम कोटा सुनिश्चित गर्ने व्यवस्था गर्ने।

३. योजनाहरु प्राथमिकिकरणका सबै चरणमा खुला र सहभागी छलफल गरिनेछ।

रणनीति : प्राथमिकिकरणका छलफल सार्वजनिक स्थलमा आयोजना गर्ने र सबैलाई खुला गर्ने।

कार्यनीति:

- वडास्तरीय योजना छनौट मेला ९एबिल एचष्यचष्तष्शबतष्यल ँबष्चक० सञ्चालन गर्ने।
- सहभागीहरूको राय र सुझाव रेकर्ड गर्न अभिलेख प्रणाली विकास गर्ने।

४. सबै वडा र टोलबाट आएका योजना पारदर्शी प्रक्रियाबाट संकलन गरी श्रोतसापेक्ष निर्णय गरिनेछ।

रणनीति: योजना छनोटमा प्रयोग हुने मापदण्ड र निर्णय प्रक्रिया सार्वजनिक गर्ने।

कार्यनीति:

- बजेट पूर्व प्राथमिकिकरण मापदण्ड वडामा टाँस्ने र वेबसाइटमा प्रकाशन गर्ने।
- छनौट भएका योजनाको सूची सार्वजनिक सूचना बोर्ड र अनलाइनमार्फत सार्वजनिक गर्ने।

५. उपभोक्ता समितिको निर्माणमा लाभान्वित हुने व्यक्तिहरूको अनिवार्य सहभागिता गरिनेछ। साथै उपभोक्ता समितिमा प्रविधिको प्रयोग अभिवृद्धि गरिनेछ।

रणनीति: उपभोक्ता समिति गठनमा खुला छलफल र सामुदायिक सहमति सुनिश्चित गर्ने।

कार्यनीति:

- समितिको गठनअघि सार्वजनिक सभा आयोजना गर्ने।
- समितिमा लाभान्वित समुदायका प्रतिनिधिहरू अनिवार्य रूपमा राख्न कानुनी व्यवस्था गर्ने।
- उपभोक्ता समितिको क्षमता विकासमा प्रविधीको प्रयोगलाई पनि समेट्ने।

६. सबै योजनामा सार्वजनिक परीक्षण अनिवार्य गरिनेछ।

रणनीति: सार्वजनिक परीक्षणको समयतालिका र प्रक्रिया पूर्वनिर्धारित गर्ने।

कार्यनीति:

- योजनाको सम्पन्न भइसकेपछि तोकिएको समयमा सार्वजनिक परीक्षण गर्न टोल तहमा सूचना प्रवाह गर्ने।
- सार्वजनिक परीक्षण रिपोर्ट तयार गरी पालिकामा पेश गर्ने अनिवार्य व्यवस्था गर्ने र वेभसाइटबाट सार्वजनिक गर्ने।

**७. अनुगमन र मूल्यांकनमा जनप्रतिनिधि र नागरिक दुवैको सहभागीता हुने व्यवस्था गरिनेछ।**

रणनीति: अनुगमन टोलीमा नागरिक प्रतिनिधिलाई रूपमा समावेश गर्ने।

कार्यनीति:

- वडास्तरीय अनुगमन समितिमा नागरिक प्रतिनिधि छनौट गर्ने प्रक्रिया सञ्चालन गर्ने।
- अनुगमन प्रतिवेदनको प्रतिलिपि अनुगमन गर्ने नागरिक प्रतिनिधिलाई उपलब्ध गराउने।

**८. सामाजिक सञ्जाल, रेडियो, सार्वजनिक सूचना बोर्डजस्ता माध्यमबाट सूचना प्रवाहको व्यवस्था मिलाइनेछ।**

रणनीति: बहु-माध्यम सूचना प्रवाह रणनीति लागू गर्ने।

कार्यनीति:

- योजनासम्बन्धी सवै सूचनाहरू रेडियो र फेसबुक पेजमार्फत नियमित प्रसारण गर्ने।
- सबै वडामा सूचना बोर्ड स्थापना गरी मासिक अद्यावधिक गर्ने।

**९. लक्षित वर्गको बजेट विनियोजन घट्दै गएको अवस्थामा यसलाई वढाउनका लागि बजेटमै स्पष्ट प्रावधान समावेश गरिनेछ।**

रणनीति: लक्षित वर्गका लागि न्यूनतम बजेट कोटा निर्धारण गर्ने नीति बनाउने।

कार्यनीति:

- महिला, दलित, अपांग वर्गका लागि छुट्टै बजेट कोड तयार गर्ने।
- बजेट प्रस्तुति पुस्तिकामा लक्षित वर्गको खर्च प्रतिशत अनिवार्य रूपमा देखाउने।

**१०. नागरिक बजेटको अभ्यास प्रारम्भ गरिनेछ।**

रणनीति: नागरिकलाई बुझिने सरल भाषा र दृश्य सामग्रीमा बजेट तयार गर्ने।

कार्यनीति:

- वार्षिक बजेटलाई सरल रुपमा वुझ्नका लागि हरेक वर्ष नागरिक बजेट तयार गरी वेबसाइट, सामाजिक सन्जाल र टोल सभा मार्फत वितरण गर्ने।
- विद्यालय र सामुदायिक समूह मार्फत नागरिक बजेट अध्ययन कार्यक्रम सञ्चालन गर्ने।

**११. वडास्तरीय समिति र शाखास्तरीय निर्णय प्रक्रियामा नागरिक आवाज सुन्ने संयन्त्र विकास गरिनेछ।**

रणनीति: नागरिक सुझाव संकलनका लागि नियमित संवाद मञ्च स्थापना गर्ने।

कार्यनीति:

- मासिक "नागरिक सुनुवाइ" कार्यक्रम वडा कार्यालयमा सञ्चालन गर्ने।
- गुनासो तथा सुझाव सङ्कलनका लागि हेल्प डेस्क वा अनलाइन पोर्टल विकास गर्ने।

**१२. महिला कार्यपालिका सदस्य, जनप्रतिनिधि र कर्मचारीबीच समन्वयलाई संस्थागत गरिनेछ।**

रणनीति: महिला कार्यपालिका सदस्य र कर्मचारीबीच नियमित समन्वय संयन्त्र निर्माण गर्ने।

कार्यनीति:

- प्रत्येक महिनाको पहिलो साता "साझा समन्वय बैठक" सञ्चालन गर्ने, जसमा महिला कार्यपालिका सदस्य अनिवार्य सहभागी हुने।
- निर्णय प्रक्रिया र कार्यान्वयनको प्रगति साझा गर्न आन्तरिक सम्पर्क बुलेटिन तयार गरी सबै सदस्यमा वितरण गर्ने।

## १२. अपेक्षित उपलब्धि

यस नीतिको प्रभावकारी कार्यान्वयनले स्थानीय सरकार सञ्चालनमा नागरिक संलग्नता उल्लेखनीय रूपमा वृद्धि गराउनेछ। योजनाको तर्जुमा र बजेट निर्माण प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गरिएपछि सरकारप्रतिको नागरिक विश्वासमा वृद्धि हुनेछ। नागरिकहरूले आफैं प्रस्तावित तथा कार्यान्वयन गरिएका विकास परियोजनामा अपनत्व महसुस गर्नेछन्, जसले दीगो, समावेशी र सहभागितामुलक विकासलाई प्रवर्द्धन गर्छ। साथै, सेवा प्रवाह थप प्रभावकारी, जवाफदेही र नागरिकमैत्री हुनेछ।

## १३. संस्थागत व्यवस्था

नागरिक सहभागिता नीतिको कार्यान्वयन तथा निगरानीका लागि गाँउपालिका अध्यक्षको नेतृत्वमा गाँउपालिका उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत सहितको संस्थागत संरचना तयार गरिनेछ। यसमा सुशासन प्रवर्द्धन गर्ने समिति तथा सम्बन्धित विषयगत शाखाहरूको सक्रिय भूमिका हुनेछ। गुनासो सुनुवाइ अधिकारीलाई थप सशक्त बनाइनेछ, जसले नागरिकका गुनासा छिटो र प्रभावकारी तरिकाले सम्बोधन गर्न मद्दत पुर्याउँछ। साथै, सूचना

प्रवाह, अभिलेखन, सहभागीता र निगरानीमा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ, जसले कार्य सम्पादनमा पारदर्शिता र सहजता ल्याउँछ।

## १४. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनको लागि विस्तृत कार्ययोजना तयार भएपछि नीतिसँग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयन गर्दा लाग्ने खर्चको अनुमान गरिनेछ। लागत विश्लेषणसँगै वित्तीय स्रोतको पहिचान र त्यसको उपलब्धता तथा व्यवहारिकताका आधारमा योजना तय गरिनेछ। स्रोत परिचालनका लागि विभिन्न वैकल्पिक श्रोतहरूको समेत अध्ययन र समन्वय गरिनेछ।

## १५. जोखिम र न्यूनीकरणका उपाय

नीति कार्यान्वयन गर्दा केही जोखिमहरू देखिन्छन्। जस्तै, जनप्रतिनिधि वा कर्मचारीले यस विषयको महत्त्व नबुझेको खण्डमा उनीहरूबाट पर्याप्त सहयोग नपाइने सम्भावना रहन्छ। साथै, नीति लागू गर्दा नयाँ कार्यभार थपिने भएकाले त्यसलाई अतिरिक्त दायित्वको रूपमा बुझ्ने प्रवृत्तिले पनि अवरोध उत्पन्न गर्न सक्छ। यस्ता जोखिम न्यूनिकरण गर्न नियमित संवाद, क्षमता विकास कार्यक्रम र नीति कार्यान्वयनका सकारात्मक पक्षहरूमा जोड दिइनेछ।

## १६. कार्यान्वयन र अनुगमन

- यस नीतिको कार्यान्वयनको लागि कार्ययोजना तयार गरिनेछ।
- प्रत्येक वर्षको हिउँदे गाँउ सभामा नीतिको समीक्षा गरिनेछ।
- गुनासो समाधान र सार्वजनिक सुनुवाइको अवस्था अनुगमन गरिनेछ।
- नागरिक संलग्नताको अवस्था मापन गर्न संकेत तय गरिनेछ।

## १७. नीति पुनरावलोकन र परिमार्जन

यो नीति लागू भइसकेपछि हरेक वर्षको हिंउदे अधिवेशनमा समिक्षा गरिनेछ भने तीन वर्षको अवधिमा प्राप्त अनुभव, सिकाइ र नागरिकको प्रतिक्रिया आधारमा नीति पुनरावलोकन गरिनेछ। कार्यान्वयन पछिको चौथों वर्षभित्र सम्बन्धित सरोकारवालाको सहभागितामा मूल्यांकन गरी आवश्यक सुधार, अद्यावधिक तथा परिमार्जन गरिने व्यवस्था गरिएको छ। यसबाट नीति समयसापेक्ष, व्यवहारिक र समावेशी बन्नेछ।

## १८. बाधा अडकाउ फुकाउ

यस नीतिमा ब्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानूनसँग बाझिएको हदसम्म सोही बमोजिम हुनेछ।